# वीमकको संस्थागत सुशासन सम्वन्धी (चौथो संशोधन) निर्देशिका,२०७९

स्वीकृत मिति : २०७९।१०।१२

प्रस्तावनाः वीमकको संस्थागत सुशासन सम्वन्धी निर्देशिका, २०७५ लाई समयसापेक्ष संशोधन गर्न वाञ्छनीय भएकोले वीमा ऐन, २०७९ को दफा १७० ले दिएको अधिकार प्रयोग गरी नेपाल बीमा प्राधिकरणले देहायका निर्देशन जारी गरेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यी निर्देशिकाको नाम "वीमकको संस्थागत सुशासन सम्वन्धी (चौथो संशोधन) निर्देशिका, २०७९" रहेको छ।

(२) यो निर्देशिका तुरुन्त प्रारम्भ हुनेछ ।

२. बीमकको संस्थागत सुशासन सम्वन्धी निर्देशिका, २०७५ को दफा ५७ख मा संशोधनः वीमकको संस्थागत सुशासन सम्वन्धी निर्देशिका, २०७५ को दफा ५७ख. को सट्टा देहायको दफा ५७ख. राखिएको छः-

"५७ख. संस्थागत सामाजिक उत्तरदायित्व सम्बन्धी व्यवस्थाः (१) वीमकले संस्थागत सामाजिक उत्तरदायित्व सम्वन्धी कार्यमा क्रियाशील हुन प्रत्येक आर्थिक वर्षको खुद मुनाफाको एक प्रतिशत रकम छुट्याई संस्थागत सामाजिक उत्तरदायित्व कोष खडा गरी जम्मा गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिमको संस्थागत सामाजिक उत्तरदायित्व कोपमा जम्मा भएको रकमवाट देहायको क्षेत्रमा खर्च गर्न सकिनेछः-

(क) सामाजिक परियोजनाहरुमा हुने खर्चः शिक्षा, स्वास्थ्य, दैवी प्रकोप व्यवस्थापन, सामाजिक रुपमा पिछडिएका वर्गको आय आर्जन क्षमता अभिवृद्धि, बीमा साक्षरता, ग्राहक संरक्षण सम्बन्धी कार्यक्रम तथा सिमान्तकृत वर्गको बीमा सम्वन्धि कार्यक्रम आदिमा गरिने खर्च ।

(ख) प्रत्यक्ष अनुदान खर्चः अति विपन्न तथा सिमान्तकृत वर्गका लागि शिक्षा तथा स्वास्थ्यमा बीमा गर्दा हुने खर्च ।

(ग) गरिबी निवारणः नेपाल सरकारको गरिबी निवारण सम्वन्धी रणनीति अन्तर्गत अति विपन्न वर्गको प्राकृतिक प्रकोपबाट हुन सक्ने क्षतिको बीमाद्वारा रक्षावरण गर्दा हुने खर्च ।

(घ) आफ्नो कम्पनीमा कार्यरत कर्मचारीहरुको बालबालिकाको लागि Child Day Care Center को व्यवस्था गर्दा लाग्ने खर्च।

(३) कम्पनीको ब्राण्ड प्रवर्द्धन गर्दा हुने खर्च यस कोषबाट व्यहोर्न पाइने छैन । तर संस्थागत सामाजिक उत्तरदायित्वमा गरेको खर्चमा कम्पनीको नाम सौजन्यको रुपमा उल्लेख गर्न सकिनेछ ।

(४) कम्पनीले संस्थागत सामाजिक उत्तरदायित्व सम्बन्धी कार्यमा खर्च गर्दा एकै भौगोलिक क्षेत्र तथा विषय ( जस्तै- शिक्षा, स्वास्थ्य) मा मात्रै सिमित नभई विभिन्न भौगोलिक क्षेत्र तथा विषयहरुमा न्यायोचित ढंगले खर्च गर्ने व्यवस्था मिलाउनु पर्नेछ ।

(५) संचालक समितिका सदस्यहरुलाई व्यक्तिगत तथा राजनैतिक लाभ हुने गरी खर्च गर्न पाइने छैन ।

(६) संचालक समितिले संस्थागत सामाजिक उत्तरदायित्वको लागि यस व्यवस्था अनुसार पहिचान हुने क्षेत्रहरु, सो क्षेत्रमा खर्चको लागि प्राप्त हुने प्रस्ताव मूल्यांकन गर्ने प्रक्रिया, कोषको संचालन तथा व्यवस्थापन लगायतका विषयहरु समेटी छुटै कार्यविधि बनाई लागू गर्नुपर्नेछ ।

(७) यस दफा बमोजिमको कोषको व्यवस्था तथा सोबाट भएको खर्च सम्बन्धी जानकारी आफ्नो वित्तिय विवरणको लेखा सम्बन्धी टिप्पणी अन्तर्गत खुलाउनु पर्नेछ।"